# प्रेस नोट

## राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा प्रदेशस्तरीय अन्तर्क्रिया गोष्ठी

**विराटनगर, प्रदेश १**

**मोरङ**

**२०७५ भाद्र १३ गते बुधवार**

देशभरी अक्सर (सामान्यतया) बसोबास गरेका सबै परिवारको घरदैलोमा पुगी निर्धारित समयभित्र परिवार र परिवारका सबै व्यक्तिहरूको सम्बन्धमा जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू संकलन, प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई "जनगणना" भनिन्छ। जनगणनाबाट संकलन भएका तथ्याङ्क देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, अध्ययन एवं अनुसन्धान गर्न प्रयोग गरिने आधारभूत तथ्यांक भएकाले राष्ट्रिय जनगणनालाई एक महत्वपूर्ण राष्ट्रव्यापी कार्यको रूपमा लिइन्छ। । नेपालमा पहिलो जनगणना वि.स. १९६८ सालमा भएको थियो भने त्यसपछि प्रायः १०-१० वर्षको अन्तरालमा जनगणना हुने क्रममा वि.सं. २०७८ सालमा नेपालको बाह्रौं राष्ट्रिय जनगणना सञ्चालन हुँदैछ।

आगामी राष्ट्रिय जनगणनाको सञ्चालन र व्यवस्थापन तथा तयारी योजना लगायतका विविध विषयगत प्राविधिक पक्षमा प्रारम्भिक मार्गचित्र जानकारी गर्नुका साथै संघीय संरचनामा तीनवटै सरकारको भुमिका, सरकारलाई आवश्यक पर्ने सूचना र तथ्यांक र प्रश्नावलीमा सुधार आदिका बारेमा छलफल तथा अन्तरक्रियाबाट सुझाव एवम् पृष्ठपोषण संकलन गर्ने प्रमुख उद्देश्य रहेको छ। त्यसैगरी आगामी जनगणनको बारेमा आम जनसमुदाय तथा सरोकारवालाहरु समक्ष प्रसार प्रसार तथा पैरवी गर्नु यस कार्यकमको दोश्रो उद्देश्य रहेको छ।

नेपालको संविधान, २०७२ ले जनगणना र यसबाट प्राप्त हुने तथ्यांकलाई संविधान कार्यान्वयन मध्ये एउटा आधार मानेको छ। जसअनुसार राज्यले जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने नीति लिएको (धारा ५४ (च)(८), प्रतिनिधि सभा तथा प्रदेश सभाको क्षेत्र निर्धारणको लागि भुगोल र जनसंख्यालाई महत्वपूर्ण आधार मानेको (धारा ८४, धारा १७६ र धारा २८६(५)) र केही मौलिक हकको कार्यान्वयन तथा समानुपातिक र समावेशी सिद्धान्तको प्रमुख एक आधार जनसंख्या तथ्यांकलाई मानेको छ (विभिन्न धारा तथा मौलिक हकहरु)। त्यसैगरी नेपाल सरकारले प्रत्येक १०/१० बर्षमा राष्ट्रिय जनगणना गर्नेछ भन्ने प्रावधान संविधानमा उल्लेख भएको छ (धारा २८१)। नेपालमा संघीय शासन अवलम्वन पछिको पहिलो ऐतिहासिक जनगणनाले संघ, प्रदेश र स्थानीय तह अनुसार र राष्ट्रिय आवश्यकताअनुसार खण्डिकृत तथ्यांक उपलब्ध गराउनु केन्द्रीय तथ्यांक विभागको लागि एक अवसर र चुनौति रहेकोछ ।

कार्यक्रममा मूख्यरुपमा प्रस्तुति र छलफलका विषयबस्तु समेत गरी तीनवटा प्रस्तुति रहेका छन्। केन्द्रीय तथ्यांक विभाग जनसंख्या शाखाका निर्देशक श्री ढुण्डीराज लामिछानेले जनगणनाको ऐतिहासिक पृष्ठमूमी, संवैधानिक महत्व, दिगो विकासका सूचकहरुको आधार, आर्थिक समृद्धि र सुखी नेपालीको अनुगमन तथा मूल्यांकनका आधार, आगामी जनगणनाको तयारी योजना सहित संगठन संरचना, जनगणनामा प्रयोग गरिने विधि र प्रविधि, प्रचार प्रसार र पैरवी, तालिम आदि

योजनाहरु र संघीय संरचनामा जनगणना सञ्चालनमा आईपर्ने समस्या, यसको अवसर र चुनौतिका विषयमा विस्तृत प्रस्तुति गर्नु भएको थियो ।

त्यसैगरी राष्ट्रिय जनगणनाको स्थलगत कार्य, जनगणना २०६८ मा प्रयोग भएका प्रश्नावलीका अन्तरवस्तु, विगत जनगणनाको सिकाई र संघीय संरचनामा अपेक्षित सूचकहरुको बारेमा दोश्रो प्रस्तुति जनसंख्या शाखाका निर्देशक श्री शंकरलाल श्रेष्ठले गर्नुभएको थियो । आगमी जनगणना २०७८ को सन्दर्भमा राष्ट्रिय जनगणना २०७८ मा प्रदेश तथा स्थानीय तहले अपेक्षा गरेको तथ्यांक र सूचनाहरुको सम्बन्धमा केही सवालहरुका बारेमा विभागका निर्देशक यदुनाथ आचार्य र तथ्यांक अधिकृत दिनानाथ लम्सालले तेस्रो सत्रको प्रस्तुति तथा सहजीकरण गर्नु भएको थियो ।

केन्द्रीय तथ्यांक विभाग र तथ्यांक कार्यालयको संयुक्त आयोजनामा सञ्चालित कार्यक्रममा विभागका महानिर्देशक श्री सुमनराज अर्यालज्यूको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि आन्तरीक मामिला तथा कानुन मन्त्रालयका माननीय मन्त्री हिक्मत कुमार कार्की, विशेष अतिथिमा प्रदेश १ का मुख्य सचिव श्रीमान केदार न्यौपाने र जिल्ला समन्वय समितिका प्रमुख श्रीमान नरेश पोखेल रहनुभएको थियो भने अतिथिमा आन्तरीक मामिला तथा कानुन मन्त्रालयका सचिव श्रीमान गोपाल पराजुली तथा मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान रमेश कुमार केसी रहनु भएको थियो । सबै विशिष्ट महानुभावले जनगणनाको बारेमा आआफ्नो मन्तव्यहरु राख्नु भएको थियो । विशिष्ट महानुभावहरुले राख्नु भएको मन्तव्यको सारसंक्षेप यस प्रकार रहेको छ ।

प्रमुख अतिथि एवंम् आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय हिक्मत कुमार कार्कीले हामी हालसम्म जनगणना २०६८ को तथ्यांक अनुसार विभिन्न क्षेत्रको तथ्यांक लगायत विभागले राखेको डिजिटल बोर्ड हेर्दै छौ । राष्ट्रिय योजना आयोगले बनाउने योजना र सरकारले हरेक बर्ष बनाउने बार्षिक नीति, कार्यक्रम र बजेट सबै कुराको महत्वपूर्ण र आधार राष्ट्रिय जनगणनाको तथ्यांक हो । यो तथ्यांक जति व्यवस्थित र वैज्ञानिक हुन्छ, त्यति नै विकासका कार्यक्रम र विकासको अभियान लगायत समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य हासिल गर्न सहज हुन्छ । निर्वाचन क्षेत्रको निर्धारण र सबै सरकारका लागि वित्तीय बाँडफाँडको जगको रुपमा जनगणनाको तथ्यांकलाई संविधानले महत्वपूर्ण स्थान दिएको छ । जनगणनामा लामो र बोझिलो प्रश्नावली नराखी सकभर छोटो प्रश्न राख्नु उचित हुने र सही र गुणस्तरीय तथ्यांक प्राप्त गर्न सकिन्छ । यस कार्यमा संघ, प्रदेश र स्थानीय सरकारले समन्वय र सहकार्यका साथ कार्य गनुपर्ने र प्रदेश सरकारको तर्फबाट सहयोगको लागि कुनै पनि कसुर नराखिने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

जनसंख्या केन्द्रका प्राध्यापक श्री रमेश काफ्लेले वडास्तरसम्म प्रचार प्रसार र पैरवी गर्ने, मृत्यूको कारण विस्तृतरुपमा संकलन गर्नु पर्ने, भारतको जनगणनामा जात जातीको विवरण लिन छाडेको र जातजातीको गणना गर्ने गरेको हुदाँ नेपालमा पनि त्यस्तै गर्नु पर्ने, शहरी क्षेत्र र ग्रामिण क्षेत्रको परिभाषा परिवर्तन गर्नुपर्ने जस्ता सुझाव दिनु भएको थियो ।

विशेष अतिथि एवंम् जिल्ला समन्वय समितिका प्रमुख नरेश पोखेलले सत्य, तथ्यमा आधारित, बस्तुनिष्ठ तथ्यांक संकलनमा जोड दिनु भएको थियो ।

विशेष अतिथि एवंम् प्रदेश १ का प्रमुख सचिव श्री केदार न्यौपानेले यस कार्यक्रमले जनगणनालाई कसरी व्यवहारिक, राम्रो र तथ्यपरक बनाउन सकिन्छ भनेर आयोजित यस कार्यक्रममा आगामी जनगणना गतिलो र उत्कृष्ट होस भन्ने कामना गर्नु भएको थियो । स्थानीय तहका गाउँपालिका तथा नगरपालिकाहरुको भूमिका स्पष्ट हुनुपर्ने सुझाव व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा अतिथि आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव श्री गोपाल पराजुली र प्रमुख जिल्ला अधिकारीहरुले यस्ता कार्यक्रमले सचेतना वृद्धि हुनुका साथै नीति निर्माण, योजना तर्जूमा तयार गर्नुका साथै सोको कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो ।

गोष्ठी कार्यक्रमका अध्यक्ष एवम् केन्द्रीय तथ्यांक विभागका महानिर्देशक सुमनराज अर्यालले सहकारी मोडलमा सरकारका सबै तहसँग समन्वय र सहकार्यमा जनगणना कार्य अगाडी बढाउने र सबै स्थानीय तहमा यस प्रकारका छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने, तल्लो तहसम्म खण्डिकृत तथ्यांक उपलब्ध गराउने र सोका लागि गुणस्तरीय तथ्यांकमा समेत हाम्रो जोड रहने र अगामी जनगणनामा प्रश्नावली तयार गर्दा विगतको जनगणनाको तथ्यांकको प्रयोगलाई समेत अर्थात प्रयोगमा नआएका प्रश्नहरुलाई हटाउने, आधार मानिने कुरा व्यक्त गर्नु भएको थियो । सबै आमन्त्रित विशिष्ट महानुभावहरुमा आभार व्यक्त गर्दै कार्यक्रम अन्त भएको घोषण गर्नु भएको थियो ।

प्रदेशस्तर तथा जिल्लास्तरका कार्यालयका प्रमुख तथा प्रतिनिधि, सबै स्थानीय तहका अधिकृत प्रतिनिधि, विभिन्न विश्वविद्यालय तथा क्याम्पसका प्रमुख तथा प्रतिनिधि, गैर सरकारी संघसंस्थाका प्रतिनिधि तथा विभिन्न पत्रकार सहित ९६ जनाको सहभागिता रहेको यस कार्यक्रम तथ्यांक कार्यालय मोरङका प्रमुख श्री अशोक कुमार भट्टराईले कार्यक्रममा आमन्त्रित विशिष्ट महानुभाव तथा उपस्थित महानुभावलाई स्वागत गर्नु भएको थियो भने केन्द्रीय तथ्यांक विभाग जनसंख्या शाखाका तथ्यांक अधिकृत श्री दीनानाथ लम्सालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग